**Kaladarpan | Volume : 6 | No.: 1 | 2026, July, pages 150-158**

DOI : https://doi.org/10.3126/kaladarpan.v6i1.97854

# बटुक व्यवसायको जीविकोपार्जनमा योगदान

विशाल ओली

olibishal28@gmail.com

लेखसार

प्रस्तुत लेख सिद्धार्थ राजमार्गको पाल्पा-तानसेन सडक खण्डमा सञ्चालित परम्परागत बटुक व्यवसाय र यसले स्थानीय लघु व्यवसायीहरूको जीविकोपार्जनमा पारेको प्रभावको समाजशास्त्रीय विश्लेषणमा केन्द्रित छ। *च्याम्बर र कनवेको 'दिगो जीविकोपार्जन उपागम*मा आधारित रही अध्ययन क्षेत्रका १८ वटा पसलहरूबाट उद्देश्यमूलक नमुना छनोट गरी प्राथमिक तथा द्वितीयक तथ्याङ्क सङ्कलन गरिएको थियो । अध्ययनले परम्परागत मगर संस्कृति र आधुनिक अनौपचारिक अर्थतन्त्रबीचको अन्तरसम्बन्धलाई उजागर गरेको छ । न्यून आर्थिक पुँजीबाट सुरु हुने यो व्यवसाय स्थानीय सीमान्तकृत परिवारहरूको आर्थिक जीवनको मेरुदण्ड बनेको छ, जसले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता परिपूर्तिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । वार्षिक करिब ३ करोड रुपैयाँको आर्थिक कारोबार हुने यस क्षेत्रमा उच्च नाफा दर (३०%-५०%) देखिए पनि सडक दुर्घटनाको जोखिम, कानुनी अनौपचारिकता र सामाजिक प्रतिष्ठाको अभाव जस्ता संरचनागत चुनौतीहरू अझै विद्यमान छन् । परम्परागत सांस्कृतिक पुँजीलाई आधुनिक आर्थिक पुँजीमा बदल्ने यस व्यवसायलाई दिगो बनाउन राज्य र स्थानीय तहको नीतिगत हस्तक्षेप आवश्यक देखिन्छ।

**शब्दकुञ्जी :** बटुक व्यवसाय, दिगो जीविकोपार्जन उपागम, मगर संस्कृति, अनौपचारिक अर्थतन्त्र।

## *विषयपरिचय*

नेपालको अर्थतन्त्रमा अनौपचारिक क्षेत्र र सडक किनारका साना व्यवसायहरूको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ । खासगरी ग्रामीण क्षेत्रबाट सहर उन्मुख र राजमार्गहरूमा हुने बसाइँसराइ र रोजगारीको अभावका कारण स्थानीय सीमान्तकृत समुदायहरूले आफ्नो परम्परागत सीप र संस्कृतिको बजारीकरण गर्दै जीविकोपार्जन गरिरहेका छन् । यसै सन्दर्भमा, सिद्धार्थ राजमार्गको पाल्पा-तानसेन सडक खण्डमा गरिने 'बटुक' व्यवसाय एक प्रमुख आर्थिक गतिविधिका रूपमा स्थापित भएको छ।

बटुक मगर समुदायको एक मौलिक, सांस्कृतिक र प्राचीन पहिचान बोकेको प्रोटिनयुक्त खाद्य परिकार हो। ऐतिहासिक रूपमा घरायसी उपभोग र सांस्कृतिक अनुष्ठानहरूमा मात्र सीमित यो परिकार अचेल घरको भान्साबाट निस्किएर राजमार्गको एक प्रमुख व्यावसायिक ब्रान्ड बन्न सफल भएको छ। न्यून पुँजीबाट सुरु गर्न सकिने भएकाले यो व्यवसाय स्थानीय सीमान्तकृत परिवारहरूका लागि वैदेशिक रोजगारीको एउटा बलियो विकल्प र आर्थिक सशक्तिकरणको आधार बनेको छ। तथापि, यो व्यवसाय अझै पनि अनौपचारिक क्षेत्रमै खुम्चिएको छ। सडक दुर्घटनाको उच्च जोखिम, खाद्य स्वच्छताको कमी र व्यवसाय दर्ता एवं कर प्रणालीको कमजोर अवस्था जस्ता संरचनागत समस्याले यस क्षेत्रलाई घेरेको

छ । तसर्थ, यो व्यवसायले जीविकोपार्जनमा पुऱ्याएको वास्तविक योगदान र यसले सामना गरेका कानुनी तथा भौतिक अवरोधहरूको गहिरो विश्लेषण गर्नु आवश्यक देखिएको छ ।

सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पा जिल्लाको तानसेन सडक खण्ड (गौडे पुल तिनाउ गाउँपालिकाको उत्तरी सीमानादेखि तानसेन नगरपालिका,पाल्पा वडा न ६ को सीमाना) रहेको छ । सिद्धार्थ राजमार्ग नेपालको तराईलाई पहाडी भू-भाग हुँदै गण्डकी प्रदेशको पर्यटकीय सहरसँग पोखरा जोड्ने एक महत्त्वपूर्ण राजमार्ग हो । यस राजमार्गको नामकरण गौतम बुद्धको बाल्यकालको नाम सिद्धार्थको नामबाट गरिएको हो, जसको जन्मस्थल लुम्बिनी यस राजमार्गको नजिकै पर्दछ । यो राजमार्गले नेपालको तराई क्षेत्रको रूपन्देही जिल्लाको भैरहवा/बेलहिया देखि सुरु भई पहाडी भू-भाग हुँदै गण्डकी प्रदेशको कास्की जिल्ला पोखरा सहरसम्म जोड्ने गर्दछ । यो राजमार्गको कूल लम्बाई करिब १८१ किलोमिटर रहेको छ । सिद्धार्थ राजमार्ग नेपालको एक प्रमुख राजमार्ग हो जसले दक्षिणी नेपालको तराई क्षेत्रलाई उत्तरी नेपालको पहाडी क्षेत्रसँग जोडेको छ । यो राजमार्ग बुटवलको पूर्व–पश्चिम महेन्द्र राजमार्गसँग समेत जोडिएको छ । राजमार्ग निर्माण सन् १९६४ मा सुरु भएको थियो र सन् १९७१ मा सम्पन्न भएको थियो । यस सडक खण्डले छोएका बुटवल, तानसेन, स्याङ्जा र पोखरा लगायतका क्षेत्रहरूमा उद्योग, व्यापार र सेवा क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस राजमार्ग कैयन भुइँ मानिसहरूको जीविकोपार्जनमा सहयोगी बनेको छ । पृष्ठभूमिमा उल्लेख गरिएझैँ यो सडक किनारमा रहेका बटुक विक्रेता लगायत हजारौं साना व्यवसायीहरूको लागि प्रत्यक्ष जीविकोपार्जनको आधार बनेको छ । सिद्धार्थ राजमार्ग, विशेष गरी यसको पाल्पा-बुटवल खण्ड (तानसेन सडक खण्ड), अत्यधिक व्यस्तता र भौगोलिक जटिलता खासगरी साँघुरो चौडाई भएको एक महत्त्वपूर्ण व्यापारिक मार्ग हो । यस मार्गमा यात्रा गर्ने यात्रु तथा चालकहरूलाई लक्षित गरी विकसित भएका सडक किनारका व्यवसायीहरूले यस क्षेत्रको स्थानीय अर्थतन्त्रमा विशेष महत्त्व राख्दछन् । यस अध्ययन क्षेत्रमा राजमार्गको छेउमा बसेर सवारीका यात्रीहरूलाई लक्षित गरी अनौपचारिक बटुक व्यवसायीहरू पाइने साथै यस सडक खण्डको धेरै स्थानहरूमा गाडी रोक्ने र नास्ता/खाना वा शौच गरेर मात्र हिँड्ने गर्दछन ।

## ***अध्ययनको उद्देश्य***

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नबमोजिम रहेका छन्:

(क) सिद्धार्थ राजमार्गको तानसेन सडक खण्डमा बटुक व्यवसायले संलग्न घरपरिवारको जीविकोपार्जनमा पुऱ्याएको आर्थिक, सामाजिक तथा सांस्कृतिक योगदानको मूल्याङ्कन गर्नु ।

(ख) व्यवसाय सञ्चालनका क्रममा व्यवसायीहरूले सामना गर्नुपरेका संस्थागत, संरचनागत,कानुनी र भौतिक चुनौतीहरू पहिचान गर्नु ।

(ग) बटुक व्यवसायको आगामी सम्भावना र यसलाई दिगो बनाउने उपायहरूको विश्लेषण गर्नु ।

## अध्ययन विधि

पद्धतिगत रूपमा यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा तयार पारिएको छ। अध्ययन क्षेत्रमा मूख्य रूपमा बटुक बिक्री गर्ने (साथमा अन्य व्यवसाय समेत जोडिएको) कुल ३२ वटा बटुक पसलहरू रहेका छन् । ती मध्ये १८ व्यवसायीलाई गैर-संभाव्यता विधिअन्तर्गतको उद्देश्यमूलक नमुना छनौट विधि प्रयोग गरी नमुना छनोट गरिएको छ। बटुक पेशाको प्रकृति बमोजिम १८ अर्थात जम्मा जनसङ्ख्याको करिब ५७ प्रतिशत नमुनाको प्रयोग गरिएको छ । खासगरी बटुकको अलावा अन्य खाजाको परिकार, प्रकार, दुरी र भूगोलको प्रकृति हेरी सबैको प्रतिनिधिमूलक रूपमा समावेश गर्ने गरी करिब १३ किलोमिटर क्षेत्रमा नमुना छनौट गरिएको छ । प्राथमिक तथ्याङ्कका लागि संरचित प्रश्नावली, अर्ध-संरचित अन्तर्वार्ता, फोकस समूह छलफल, प्रत्यक्ष अवलोकन र दृश्य अभिलेख (फोटोग्राफी) विधिको प्रयोग गरिएको छ। द्वितीयक तथ्याङ्कका लागि सम्बन्धित पुस्तक, जर्नल, तानसेन नगरपालिका, सडक विभाग र नेपाल प्रहरीका प्रतिवेदनहरूको सहायता लिइएको छ ।

## *सैद्धान्तिक पर्याधार*

प्रस्तुत अध्ययन रोबर्ट च्याम्बर्स र गोर्डन कनवे (Robert Chambers & Gordon Conway) को दिगो जीविकोपार्जन उपागम (Sustainable Livelihood Approach) मा आधारित छ। यस सैद्धान्तिक ढाँचा अन्तर्गत मानवीय, सामाजिक, भौतिक, आर्थिक र सांस्कृतिक पुँजीबीचको अन्तरसम्बन्धलाई केलाइएको छ। यसले व्यवसायीहरूले आफ्नो परम्परागत सीप (मानवीय पुँजी) लाई बजारको माग र राजमार्गको भौतिक पुँजीसँग जोडेर कसरी आर्थिक जोखिम न्यूनीकरण गरिरहेका छन् भन्ने कुराको सैद्धान्तिकरण गर्दछ । च्याम्बर्स र कनवेका अनुसार, जीविकोपार्जन भन्नाले मानिस, तिनको क्षमता, जीवन निर्वाहका साधन (जस्तै: आय, सम्पत्ति र खाद्य सुरक्षा) र त्यसका लागि आवश्यक गतिविधिहरू हुन् । यदि यो व्यवस्था कुनै झट्का वा दबाबबाट बच्न तथा पुनः तङ्ग्रिन सक्षम छ र भावी पुस्ताका लागि स्रोतको नोक्सान गर्दैन भने मात्र यसलाई 'दिगो जीविकोपार्जन' भनिन्छ । यसका साथै, फर्डिनान्ड टोनीज (Ferdinand Tönnies, 1935) को गेमाइनसाफ्ट (Gemeinschaft-परम्परागत/सांस्कृतिक समुदाय) र गेसेलसाफ्ट (Gesellschaft - आधुनिक/व्यावसायिक समाज) को अवधारणालाई पनि यस अध्ययनमा समाजशास्त्रीय आधारका रूपमा प्रयोग गरिएको छ ।

## छलफल र परिणाम

सिद्धार्थ राजमार्गको तानसेन सडक खण्डका १८ वटा बटुक पसलहरूको विश्लेषण गर्दा, यो व्यवसाय स्थानीय सीमान्तकृत परिवारहरूको आर्थिक जीवनको मुख्य आधार बनेको देखिन्छ, जसले वार्षिक करिब ३ करोड रुपैयाँको आर्थिक कारोबार गर्दै संलग्न परिवारहरूलाई ३०% देखि ५०% सम्मको उच्च खुद नाफा दिलाएको छ । परम्परागत मगर संस्कृति र घरायसी खाजाबाट आधुनिक अनौपचारिक बजारमा रूपान्तरित यस व्यवसायले खाद्य विविधीकरणमार्फत आम्दानीमा स्थायित्व ल्याउनुका साथै बालबालिकाको शिक्षा र स्वास्थ्यमा ठूलो योगदान पुऱ्याएको छ । तथापि, गुडिरहेको गाडीमा दौडेर बिक्री गर्दा हुने भौतिक जोखिम, अनौपचारिक दर्ता प्रक्रिया, सडक क्षेत्राधिकार भत्काउने डर र सामाजिक प्रतिष्ठाको कमी जस्ता संरचनागत चुनौतीहरूले यसको दिगोपनामा अझै प्रश्नचिह्न खडा गरेका छन् ।

*तालिका न. १*

***बटुक बनाउने विधि***

| **कच्चा पदार्थ** | **परम्परागत प्रयोग (स्थानीय) Gemeinschaft** | **आधुनिक प्रयोग (आयातित) Geselschaft** |
|---|---|---|
| दाल कुट्ने औजार | ढिकी, जाँतो | मेसिन, मिक्सचर |
| दालको प्रकार | झिलंगी, बोडी.. | केराउ.. |
| तेल | बंगुरको/जनावरको बोसो, कालो तिल... | तोरी, स्वयाविन, सूर्यमुखी.. |
| पोल्ने वीधि | दाउरा | ग्याँस |
| अचार बन्ने सामाग्री | सानो आकारको गोलभेडा (सिलौटा) | टमाटर.. (मिक्सचर ) |
| बनाउने समय | माघी, विवाह, पुजाआजा... | आवश्यकता अनुसार |
| प्रयोजन | संस्कृतिजन्य | व्यवसायिक |
| **समय लागत** | **धेरै** | **थोरै** |

**स्रोत: स्थलगत सर्वेक्षण २०८२**

यस अध्ययन क्षेत्रमा सिदार्थ राजमार्गको तानसेन सडक खण्डमा सवारीका यात्रीहरूलाई लक्षित गरी बटुक बेचेर जीविकोपार्जन गरिरहेका १८ परिवारलाई नमुनाको रूपमा छनोट गरी सम्पन्न गरिएको छ। बटुक बेच्नेहरूले सो व्यवसाय अवलम्वन गर्नु अघीको पेशा (जसलाई परम्परागत वा पुर्खाको पारिवारिक पेशाको रूपमा परिभाषित गरिएको गरिन्छ) र गैर परम्परागत पेशाहरू अवलम्बन गरेको पाइयो। परम्परागत रूपमा कृषि, खेतीपाती नै प्रधान पेशाको रूपमा थियो भने बटुक बनाई बेच्ने चलन थिएन। बटुक निर्माण गर्ने विधि समेत परम्परागत रूपमा दाल कुट्ने औजारहरूको रूपमा ढिकी जाँतो प्रयोग गरिन्थ्यो भने अहिले मेसिन र मिक्सचर हरूको प्रयोग गर्ने गरिन्छ दालको प्रकारको रुपमा झिलंगी, बोडी लगायतका कच्चा पदार्थहरु प्रयोग गरिन्थ्यो भने अहिले केराउ चाहिँ सबैभन्दा प्रमुख कच्चा पदार्थको रुपमा देखा परेको छ। तेलको रूपमा बङ्गुरको बोसो लगायत अन्य जनावरहरुको बोसो र कालो कलरको तिलको तेल आदि प्रयोग गरिन्थ्यो भने अहिले तोरी, स्वयाविन, सूर्यमुखी जस्ता तेल प्रयोग गरिन्छ। त्यस्तै सुरुसुरुमा दाउराको प्रयोग गरिन्थ्यो भने अहिले ग्याँसको प्रयोग बढ्ने क्रममा छ। अचारको रूपमा सानो आकारको घरेलु गोलभेडा प्रयोग गरिन्थ्यो जुन सिलौटामा पिसिन्थ्यो भने आजभोलि मिक्सर प्रयोग गर्ने गरिन्छ समयको रुपमा पहिला धेरै समय खर्च हुन्थ्यो भने आजभोली थोरै समय खर्च भएको छ। संस्कृतिजन्य अवस्थाबाट व्यवसायिक रूपमा रूपान्तरित भएको देखिनछ। बटुक व्यवसायीहरूले (Gemeinschaft) संस्कृतिलाई छोडेर पूर्ण रूपमा (Geselschaft) व्यवसायिकतामा रूपान्तरण गरेका छन् (Tonnies,1935)। उनीहरूको न्यून आर्थिक अवस्थालाई सुधार गर्नका लागि आधुनिक औजार (मेसिन, ग्याँस) को प्रयोग अपरिहार्य भएको छ। यस रूपान्तरणले उनीहरूलाई राजमार्गको उच्च सवारी चाप (दैनिक ९०० सवारी साधन) लाई लक्षित गरी छिटो, सस्तो र ठुलो मात्रामा बटुक उत्पादन गर्न सक्षम बनाएको छ, जसले गर्दा उनीहरूको जीविकोपार्जन सम्भव र सहज भएको छ।

### बटुक पेशामा संलग्न जातीय अवस्था

पाल्पा जिल्लामा ५० प्रतिशत भन्दा धेरै जनसंख्या मगर समुदायको रहेको छ। यसैगरी तानसेन नगरपालिकामा पनि सवैभन्दा धेरै मगर समुदायकै बाहुल्य रहेको छ। बटुक मगर समुदायको इतिहास हो। संस्कृति हो। कैयन पुजाआजामा अनिवार्य गरिएको छ। यस अध्ययन क्षेत्रमा प्रयोग गरिको १८ घरधुरी मध्ये जातीय विवरण तपशिल अनुसार रहेको छ।

**तालिका न. २**

***बटुक पेशामा संलग्न जातीय अवस्था***

| क्रम | जाति/समुदाय | पसल संख्या |
|---|---|---|
| १ | मगर | १३ |
| २ | नेवार | १ |
| ३ | दलित | २ |
| ४ | ब्राह्मण | ० |
| ५ | क्षेत्री | १ |
| ६ | अन्य | १ |
| | **जम्मा** | **१८** |

**स्रोत: स्थलगत सर्वेक्षण २०८२**

तालिका न २ अनुसार सवैभन्दा धैरै मगर समुदायको १३ वटा पसल भएको पाइयो । नेवार, दलित, क्षेत्री र अन्य गरी समुदायको जम्मा ५ वटा मात्र बटुक पसलहरू थिय । ब्राह्मण समुदायको त एउटा पनि पसल भएको पाइएन । यसबाट के देखिन्छ भने मगर समुदायले आफ्नो परम्परा देखिको बटुक बनाउने पेशा निरन्तर गरिरहेको पाइयो । पेशा पुस्तान्तरण भएको छ हाल पेशा व्यवासायीकरण समेत भएको छ । उनीहरू आफ्नो घरबाट सिदार्थ राजमार्गमा अनौपचारिक रूपमा पसल गर्न झरेका छन जसमार्फत उनीहरूको जीविकोपार्जन सहज भएको छ । सम्बन्धित कार्य क्षेत्रका व्यवसायीहरूको शैक्षिक अवस्थाको चित्रण गर्न तपशिलको तालिकालाई बुझ्न जरूरी छ ।

**तालिका न. ३**

पेशागत विविधता

| क्र.स. | पेशागत विविधता | व्यवसायी संख्या | कैफियत |
|---|---|---|---|
| १ | बटुक, सेलरोटी, पकौडा | ३ | |
| २ | बटुक, सेलरोटी, पकौडा, स्थानिय मदिरा | २ | |
| ३ | बटुक, सेलरोटी, पकौडा, स्थानिय मदिरा र माछा | ९ | |
| ४ | बटुक र किराना | २ | |
| ५ | बटुक र फलफुल र तरकारी | २ | |
| | **जम्मा** | **१८** | |

**स्रोत: स्थलगत सर्वेक्षण २०८२**

सिद्धार्थ राजमार्ग अन्तर्गत तानसेन सडक खण्डमा बटुक व्यवसायमा संलग्न १८ जना व्यवसायीहरूले आफ्नो आयको स्रोतमा बटुकको अलावा अन्य परिकारसँगै व्यवसायमा विविधीकरण अपनाएको देखिन्छ जुन राजमार्गको अस्थिर आम्दानीबाट हुने जोखिम कम गर्नका लागि महत्वपूर्ण छ । बटुकमा आधारित विश्लेषण, खाद्य विविधीकरणको उच्चता: ५०% व्यवसायीहरूले बटुक, सेलेरोटी, पकौडा, स्थानीय मदिरा र माछालाई जोडेर व्यापार गरेका छन् जुन उच्चतम विविधीकरण हो । यसले बटुकसँगै अन्य वस्तुहरूको मागलाई पूर्ति गरी उच्च नाफा कमाउने प्रयास गरेको देखाउँछ । अतिरिक्त खाद्यमा निर्भरता: १६.६७% व्यवसायीहरू बटुकसँगै लोकप्रिय खाजा सेलेरोटी र पकौडामा मात्र केन्द्रित छन् । स्थानीय बजार विविधीकरण: किराना ११.११% र फलफूल तथा तरकारी ११.११% को व्यापार गर्ने व्यवसायीहरूले बटुकको व्यापार कम हुँदा स्थानीय समुदायको माग पूर्ति गरी आम्दानीमा स्थायित्व कायम गर्ने रणनीति लिएका छन् जसले राम्रो र दिर्घ आम्दानीलाई सुनिश्चित गरेको पाइयो । तथ्यांकले बटुक व्यवसायीहरूले राजमार्गको अस्थिरता र न्यून आम्दानीको जोखिमलाई कम गर्न उच्च विविधीकरणको रणनीति अपनाएको स्पष्ट देखाउँछ ।

### आर्थिक योगदान र जीविकोपार्जनको मेरुदण्ड

अध्ययनले बटुक व्यवसायलाई अध्ययन क्षेत्रका परिवारहरूको आर्थिक जीवनको मुख्य आधारका रूपमा देखाएको छ । संकलित तथ्याङ्क अनुसार:

- **निर्भरता र संलग्नता:** अध्ययन गरिएका परिवारका ४१.५६% सदस्यहरू प्रत्यक्ष रूपमा पसल व्यवसायमा संलग्न छन् भने ८३.३३% परिवार पूर्ण रूपमा यसै पेशामा निर्भर छन् ।

- **आर्थिक कारोबार:** अध्ययन क्षेत्रका १८ वटा व्यवसायीहरूको मात्र वार्षिक कुल कारोबार **करिब रु. ३ करोड** हुने गरेको पाइएको छ । तुलनात्मक रूपमा उच्च नाफा दर (३०% देखि ५०% सम्म) भएका कारण व्यवसायीहरूले नियमित बचत, जीवन बिमा र सहकारीमा लगानी गर्न सफल भएका छन् ।
- **मानव पुँजीमा लगानी:** यस व्यवसायबाट भएको आम्दानीको ठुलो हिस्सा शिक्षा र स्वास्थ्यमा खर्च हुने गरेको छ । धेरै परिवारले आफ्ना सन्तानलाई उच्च शिक्षा र वैदेशिक रोजगारीमा पठाउन यसै आम्दानीबाट लगानी जुटाएका छन् ।

श्रमको लैङ्गिक विभाजन र कार्य रणनीति

व्यवसाय सञ्चालनको प्रक्रियामा स्पष्ट लैङ्गिक श्रम विभाजन देखिन्छ । समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा,

- **फ्रन्ट स्टेज (Front Stage):** ७७.७८% पुरुषहरू सडकमा गुडिरहेका सवारी साधनलाई रोकेर दौडिँदै बटुक बिक्री गर्ने जोखिमपूर्ण र चुनौतीपूर्ण भूमिकामा अग्रसर छन् ।
- **ब्याक स्टेज (Back Stage):** महिलाहरू मुख्य रूपमा पसलभित्र बटुक उत्पादन गर्ने, सामग्री व्यवस्थापन गर्ने र आन्तरिक व्यवस्थापनमा केन्द्रित छन् ।

***बटुक व्यवसायको सम्भावनाहरु***

बटुक व्यवसायका परम्परागत मगर समुदायको मौलिक परिकारको रूपमा रहेको बटुक वर्तमान समयमा केवल एक साँस्कृतिक खाजा मात्र नभई आकर्षक व्यावसायिक अवसरको रूपमा उदीयमान छ । तानसेन जस्ता पर्यटकीय क्षेत्र र व्यस्त राजमार्गहरूमा स्थानीय स्वाद खोज्ने यात्रुहरूको संख्या उच्च हुन्छ । बटुकलाई **हाइवे स्न्याक्स** (Highway Snacks) को रूपमा ब्रान्डिङ गरी ठुलो बजार हिस्सा ओगट्न सकिन्छ । आधुनिक फास्टफुडको बढ्दो प्रयोगका बीच स्वास्थ्यवर्धक र मौलिक परिकारप्रति मानिसको आकर्षण बढ्दो छ । अर्गानिक र स्थानीय ब्रान्डको रूपमा बटुकलाई प्रवर्धन गर्दा सहरका क्याफे र रेस्टुरेन्टहरूमा यसको माग उच्च छ । यो व्यवसायले स्थानीय स्तरमा मासको दाल, झिलिंगे, बोडी.. आदीको माग बढाउँछ, जसले गर्दा कृषि क्षेत्रमा पनि टेवा पुग्छ । न्यून पुँजीमा घरैबाट सुरु गर्न सकिने हुनाले महिला तथा बेरोजगार युवाहरूका लागि यो स्वरोजगारको उत्तम माध्यम हो । आधुनिक प्याकेजिङ प्रविधिको प्रयोग गरी बटुकलाई फ्रोजन स्वरूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार विशेष गरी नेपाली समुदायसम्म पुर्‍याउने प्रचुर संभावना छ । बटुक बनाउने प्रक्रियालाई **साँस्कृतिक अनुभवका** रूपमा घरबास (Homestay) कार्यक्रमहरूसँग जोडेर पर्यटकलाई आकर्षित गर्न सकिन्छ । सरकारी तहबाट नीतिगत सहयोग र उचित बजार व्यवस्थापन हुन सकेमा बटुक व्यवसायले स्थानीय अर्थतन्त्रमा कोशेढुङ्गाको रूपमा कार्य गर्न सक्छ ।

**बटुकमा व्यवसायमा लाग्ने खर्चको अवस्था**

बटुक निर्माणको सामग्री प्रक्रियाको लागी बिक्रेताहरूले प्राय बुटवल वा तानसेनका ठूला थोक बिक्रेताबाट दाल खरिद गर्छन् । कतिपयले सिधै कृषकबाट पनि खरिद गर्ने गर्छन् । थोक खरिदले लागत घटाउँछ। गुणस्तरको आधारमा मूल्य फरक पर्छ । खुर्सानी, नुन, बेसार, जस्ता कच्चापदार्थहरू पनि स्थानीय बजार वा बुटवलबाट सामूहिक रूपमा खरिद गर्ने गरेको देखिन्छ । महँगीले यी सामग्रीहरूको लागत बढाउँदा नाफाको मार्जिन घट्छ । बटुक पकाउनका लागि दाउरा वा ग्याँसको प्रयोग हुन्छ । दाउरा स्थानीय जंगल वा वन समूहबाट खरिद गरिन्छ । दाउराको उपलब्धता र ग्याँसको मूल्यले दैनिक उत्पादन लागतमा ठुलो हिस्सा ओगटेको देखिन्छ । सालको टपरी/कागज र झोला आदी बटुक प्याकिङका लागि आवश्यक पर्ने सामग्री । यो सामग्रीको लागत सानो भए पनि नियमित खर्चमा जोडिन्छ । १८ घरधुरीहरूले प्राय समुदाय वा छिमेकीसँग मिलेर संयुक्त रूपमा ठुलो मात्रामा दाल खरिद गर्छन् । यसले उनीहरू लागत सस्तो पर्न जान्छ । धेरैजसो खरिद कारोबारहरू नगदमा हुने गर्छन् । उनीहरूको वित्तीय पहुँच कमजोर भएकाले उधारोमा सामग्री पाउन कठिन हुन्छ । तेल, मसला र अन्य साना सामग्रीहरू दैनिक वा साप्ताहिक रूपमा स्थानीय पसलबाट खरिद गरिन्छ, जबकि मुख्य सामग्री दाल भने ठुलो मात्रामा मासिक रूपमा खरिद गर्ने गरिन्छ ।

## बटुक व्यवसायबाट आम्दानी

उत्पादन खर्च दैनिक आम्दानी बटुकको बिक्री संख्या र मूल्यमा निर्भर गरेको पाइयो। एक बटुक बिक्रेताले दैनिक औसतमा रु. १००० देखि रु. ५,००० सम्म सडकको चाप हेरेर आम्दानी गर्न सक्छन्। नाफाको दर: कच्चा पदार्थ, तेल, मसला र दाउराको खर्च घटाएपछि ३०% देखि ५०% सम्म खुद नाफा हुने गरेको छ। यो नाफा बिक्रेताको व्यवस्थापन र खरिद मूल्यमा भर परेको पाइयो। मौसम र यात्रुको प्रभाव चाडपर्व, बिदाको समय र पर्यटकको मौसममा आम्दानी ह्वात्तै बढ्छ भने, वर्षायाम र सडक अवरोध हुँदा आम्दानीमा पनि गिरावट हुने गर्दछ। वर्तुंग खण्डमा बटुक बेच्नेहरूले गाडीमा दौडेर जानुपर्ने हुँदा शारीरिक रूपमा बलिया र उमेर कम भएका व्यक्तिहरूलाई छिटो बेच्नमा सहयोग हुने र शारीरिक रूपमा कम्जोर र उमेर समेत बढी भएकाहरूको लागी समय दिनैभरी लाग्ने गरेको पाइयो। घरमै बसेर दिन बिताउनु भन्दा यसो हुँदा दिनभर दौडधुप भइरहने भएकोले शारीरिक कसरत राम्रो भई स्वास्थ्य समेत राम्रो भएको संलग्न व्यक्तिहरूले बताउनु भयो। शारीरिक र मानशिक रूपमा समेत बलियो भएको कुरा उहाँहरू मार्फत थाहा पाइयो। त्यसकारण उमेर अवस्था र बिक्रि दरमा उल्टो सम्बन्ध भएको देखिन्छ। जसले आफ्ना छोराछोरी प्रयोग गर्ने हो भने थप बटुक बेचिने र थप रकम हासिल हुने संकेत देखिन्छ। सिप सहितको व्यावसायिक पुस्ता हस्तान्तरणमा भने कसैले ध्यान दिएको पाइएन।

### *विद्यमान चुनौती तथा जोखिमहरू*

बटुक व्यवसायले जीविकोपार्जनमा गुणात्मक सुधार ल्याए तापनि यो पेशा विभिन्न संरचनागत चुनौतीहरूले घेरिएको छ।
स्थान-केन्द्रित निर्भरता (Location-Centric Dependency): यस व्यवसायको मुख्य आयस्रोत सवारी साधन र यात्रुहरू रोकिने निश्चित रणनीतिक चोकहरू (जस्तै: बर्तुङ, गौडे पुल क्षेत्र, डुम्रे, बास्टारी आदि) मा मात्र आधारित छ। बजार वा चोक विस्थापित हुनासाथ ग्राहकको आवागमन घट्ने घट्ने र व्यावसायिक संकट आउन सक्छ।
पूर्वाधार विकासको जोखिम (Infrastructure Development Risk): सिद्धार्थ राजमार्ग वा सम्बद्ध सडक खण्डहरूको सम्भावित विस्तार, बाइपास (Bypass) निर्माण वा सडकको रेखांकन (Alignment) परिवर्तन भएमा यी व्यापारिक केन्द्रहरू ओझेलमा पर्ने वा विस्थापित हुने स्थायी जोखिम रहन्छ। भने नयाँ केन्द्रहरू निर्माण हुन् सक्छन।
प्रतिकूल भू-बनोट र पहिरोको उच्च जोखिम (Topographical & Landslide Vulnerability): यो क्षेत्र साँघुरो राजमार्ग, अत्यधिक तीव्र मोडहरू (Hairpin Bends) र कमजोर भू-बनोट भएको भूगोलमा अवस्थित छ। वर्षायाममा मात्र नभई सुक्खायाममा समेत खस्ने पहिरो (Dry Landslide) र ढुङ्गाका कारण सडक सञ्जाल बारम्बार अवरुद्ध हुने देखिन्छ हुँदा पेशाको नियमिततामा समस्या देखिन्छ।
दीगोपनामा चुनौती (Sustainability Threat): वातावरणीय उतारचढाव, प्राकृतिक विपद् र भौगोलिक अस्थिरताका कारण यातायातका साधन समय समयमा ठप्प हुन सक्ने भएकाले व्यवसायको निरन्तरता र वित्तीय दीगोपना सधैँ उच्च जोखिमको घेरामा रहन्छ।
शारीरिक सुरक्षा र स्वास्थ्य: गुडिरहेको गाडीमा दौडेर बटुक बेच्नुपर्ने हुँदा सडक दुर्घटनाको उच्च जोखिम रहन्छ साथै, सडक किनारको अत्यधिक ध्वनि र धुलो प्रदूषणका कारण व्यवसायीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ।
अनौपचारिकता: ३८.८९% व्यवसायीहरू अझै पनि करको दायरा भन्दा बाहिर छन्। व्यवसाय दर्ता र सामाजिक सुरक्षाको अभावका कारण उनीहरूमाथि राजमार्ग क्षेत्राधिकार (Right of Way) अन्तर्गत जुनसुकै बेला निष्कासनमा पर्न सक्ने कानुनी डर कायम छ।
सामाजिक दृष्टिकोण: आर्थिक रूपमा सक्षम भए तापनि समाजले यस पेशालाई उचित सम्मान (Social Prestige) नदिने हुनाले नयाँ पुस्ताले यस पुर्ख्यौली सीपलाई अङ्गाल्न अरुचि देखाइरहेका छन्।

### ***सडक क्षेत्राधिकार लगायतको चुनौतीहरू***

अतिक्रमण र भत्काउने कानुनी जोखिम (Demolition & Eviction Risk): बर्तुङ, गौडे पुल, डुम्रे र बास्टारी जस्ता चोकहरूमा सडकको क्षेत्राधिकार (RoW) भित्र परेका वा यसको मापदण्ड नपुऱ्याई बनाइएका भौतिक संरचनाहरू (होटल, टहरा वा पसल) कुनै पनि समय सरकार वा सडक विभागद्वारा बिना मुआब्जा भत्काइने वा हटाइने उच्च जोखिम रहन्छ । सडक विस्तारको प्रत्यक्ष असर (Road Widening Threat): सिद्धार्थ राजमार्गलाई विस्तार गर्ने वा स्तरोन्नति (Upgradation) गर्ने योजना अघि बढ्नासाथ क्षेत्राधिकार भित्रका व्यवसायहरू पहिलो प्राथमिकतामा विस्थापित हुन्छन् । यसले गर्दा भौतिक पूर्वाधारमा गरिएको प्रारम्भिक लगानी रूपमा डुब्ने (Sunk Cost) खतरा रहन्छ । पार्किङ र पहुँचको अभाव (Lack of Parking & Access): क्षेत्राधिकारको कडा कार्यान्वयनका कारण सवारी साधनहरू सडक किनारमा रोक्न (Parking) निषेध गरिँदा, यात्रु र सवारी चालकहरू सहजै व्यवसायसम्म पुग्न सक्दैनन्। सडक किनाराको खाली ठाउँ (Shoulder) साँघुरो हुँदा ग्राहक घट्ने र व्यवसायको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुने देखिन्छ । धितो र वित्तीय लगानीको असुरक्षा (Lack of Collateral & Financial Risk): क्षेत्राधिकार स्पष्ट नभएको वा मापदण्ड विपरीतको भूमि/भवनलाई बैंक तथा वित्तीय संस्थाहरूले धितो (Collateral) स्वीकार गर्दैनन्। जसका कारण भविष्यमा व्यवसाय विस्तारका लागि आवश्यक पर्ने व्यावसायिक ऋण वा वित्तीय पहुँच प्राप्त गर्न कठिन हुन्छ ।

## ***निष्कर्ष***

यो अध्ययनले निष्कर्ष निकाल्छ कि सिद्धार्थ राजमार्गको पाल्पा-तानसेन सडक खण्डमा सञ्चालित बटुक व्यवसाय रैथाने सीप र सांस्कृतिक पुँजीलाई आधुनिक बजार अर्थतन्त्रसँग जोड्ने एक उत्कृष्ट र सफल नमुना हो । यसले स्थानीयस्तरमा सीमान्तकृत समुदायको आर्थिक सशक्तिकरण र गरिबी निवारणमा कोशेढुङ्गाको काम गरेको छ तर कानुनी अनौपचारिकता, सडक दुर्घटनाको जोखिम,  सामाजिक प्रतिष्ठाको कमीले यसको दिगोपनामा प्रश्नचिह्न खडा गरेको छ । यस व्यवसायलाई मर्यादित, सुरक्षित र दीर्घकालीन बनाउन राज्य, स्थानीय निकाय र व्यवसायीहरूबीच त्रिपक्षीय सहकार्य अपरिहार्य देखिन्छ ।

नीतिगत सिफारिसहरू

**व्यवस्थित र सुरक्षित बजार क्षेत्र:** स्थानीय सरकार (तानसेन नगरपालिका) ले सडक किनारमा जथाभावी दौडेर बिक्री गर्ने परिपाटीलाई रोक्न राजमार्ग छेउमा सुरक्षित र निश्चित **'बटुक हब'** वा एकीकृत बिक्री स्थल निर्माण गर्नुपर्छ ।

अ**नौपचारिकीकरण र वित्तीय पहुँच:** सम्पूर्ण व्यवसायीहरूलाई स्थानीय तहमा अनौपचारिक रूपमा वा अस्थायी इजाजतको रूपमा दर्ता गराई करको दायरामा ल्याउनुपर्छ र सहकारी तथा बैंकिङ संयन्त्रमार्फत सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्छ ।

**प्रविधि र गुणस्तर सुधार:** परम्परागत सीप (ढिकी, जातो) लाई बचाइराख्दै उत्पादकत्व र गुणस्तर बढाउन आधुनिक मेसिनरी प्रविधिको प्रयोगमा अनुदान दिनुपर्छ। साथै उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी तालिम सञ्चालन गरिनुपर्छ ।

**सामाजिक सुरक्षा र पहिचान:** सडक किनारका साना व्यवसायीहरूका लागि दुर्घटना बिमा र सामाजिक सुरक्षा कोषको व्यवस्था गरिनुपर्छ । यस मौलिक पेशालाई स्थानीय सांस्कृतिक पहिचान र पर्यटनसँग जोडेर यसको सामाजिक सम्मान प्रवर्द्धन गरिनुपर्छ ।

## ***सन्दर्भसामग्री***

आर्थिक ऐन, २०८०. (२०८०). *नेपाल राजपत्र*. नेपाल सरकार ।

*खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन*, २०७५. (२०७५). *नेपाल राजपत्र*. नेपाल सरकार ।

क्रान्ट्ज, एल. (२००१). *गरिबी न्यूनीकरणको लागि दिगो जीविकोपार्जन दृष्टिकोण: एक परिचय*. स्टकहोम: सिडा ।

क्षेत्री, आर.बी. (२००६). नेपालमा परिवर्तनशील वातावरण र जीविकोपार्जन. *नेपाली अध्ययनमा योगदान (विशेष अंक)*, ३३: १-१४.

गोफम्यान, इ. (१९५६). *दैनिक जीवनमा आत्मको प्रस्तुति*. डबलडे।

घिमिरे, आर.पी. (२००३). *मगरहरूको जीविकोपार्जन रणनीति: कुरुले तेनुपा धनकुटाको एक अध्ययन*. (अप्रकाशित एम.ए. शोधपत्र), त्रिभुवन विश्वविद्यालय।

जिम्मेरर, के.एस. (२००७). कृषि, जीविकोपार्जन र विश्वव्यापीकरण: मानव वातावरण परिवर्तन र संरक्षणको विश्लेषण. *कृषि र मानव मूल्यहरू*, २४: ९-१६.

ताहिर मुनीर बट, किजी गाओ, र मुहम्मद जकारिया युसुफ हुसन. (२०१५). दिगो ग्रामीण जीविकोपार्जनमा किसान क्षेत्र विद्यालय दृष्टिकोणको विश्लेषण. *कृषि विज्ञान*, ६(१०).

नेपालको संविधान. (२०७२). *नेपाल राजपत्र*. नेपाल सरकार।

नेपाल सरकार. (२०३१). *सार्वजनिक सडक ऐन, २०३१*. नेपाल राजपत्र, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।

नेपाल सरकार. (२०३३). *सार्वजनिक सडक नियमावली, २०३३*. नेपाल राजपत्र, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।

पराजुली, पी. (२०७४). *नेपाली भोजन: परम्परा र संस्कृति*. ललितपुर: साझा प्रकाशन।

फर्डीनान्ड, टोनी. (२०१६). जेमेन्सशाफ्ट र गेसेलशाफ्ट समाजहरू. द *ब्ल्याकवेल इन्साइक्लोपीडिया अफ सोसियोलोजी*.विली।

फ्रान्सिस, जे.एफ. (२०००). *जीवनयापन: अफ्रिकामा जीविकोपार्जन परिवर्तन*. लन्डन: राउटलेज।

बराल, केशरजंग. (२०५०). *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुका संस्कृति*. काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

बराल, केशरजंग. (२०६२). *मगरहरुको धर्म र संस्कृति*. नेपाल मगर सङ्घ, स्याङ्गजाद्वारा वालिङमा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्र।

च्याम्बर, आर, र कनवे, जी, (१९९२). *दिगो ग्रामीण जीविकोपार्जन: २१ औं शताब्दीका लागि व्यावहारिक अवधारणाहरू* (पेपर २९६). ब्राइटन: आईडीएस।

सडक विभाग. (२०७०). *नेपाल सडक मापदण्ड, २०७०*. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौँ।

सडक विभाग. (२०८०). *रणनीतिक सडक सञ्जालको तथ्याङ्क (SSRN 2079/80)*. योजना, अनुगमन तथा मूल्याङ्कन इकाई, काठमाडौँ।

सडक बोर्ड नेपाल. (२०५८). *सडक बोर्ड ऐन, २०५८*. नेपाल राजपत्र, नेपाल सरकार।

हान, एल.जे. डे. (२०००). विश्वव्यापीकरण, स्थानीयकरण र दिगो जीविकोपार्जन. *समाजशास्त्र ग्रामीण*, ४०: ३३९-३६५.

हार्ट, जी. (१९८६). *शक्ति, श्रम र जीविकोपार्जन: ग्रामीण जाभामा परिवर्तनका प्रक्रियाहरू*. क्यालिफोर्निया विश्वविद्यालय प्रेस।